# कालिका पावर कम्पनी लिमिटेड
# KALIKA POWER COMPANY LIMITED


मिति: २०८१।०९।०७

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
**रामशाहपथ, काठमाडौं ।**

विषय: **कम्पनीको वार्षिक साधारण सभा, बोनश शेयर, नगद लाभांस र शेयरधनी दर्ता किताव बन्द सम्बन्धमा ।**

महोदय,

प्रस्तुत बिषयमा यस कम्पनीको आज मिति २०८१।०९।०७ गते अपरान्ह ५:३० बजेदेखि ६:०० बजेसम्म बसेको संचालक समितिको निर्णय अनुसार कम्पनीको सत्रौं वार्षिक साधारण सभा मिति २०८१ साल पौष २९ गते, आईतबार (तदनुसार १३ जनवरी, २०२५) का दिन जिल्ला चितवन, भरतपुर महानगरपालिका वडा नं. १० स्थित दियालो फुडल्याड चितवन प्रा.लि.मा विहान ११:०० बजे बस्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ । आ.व. २०८०।०८१ सम्मको कम्पनीको संचित मुनाफासमेत बाट कम्पनीको शेयरधनीहरुलाई चुक्ता पूँजीको ७ (सात) प्रतिशत बोनर शेयर र कर प्रयोजनको लागि ०.३६८४ प्रतिशतले हुन आउने नगद (बोनश शेयरको कर प्रयोजनार्थ) वितरण गर्ने सिफारिस गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

साधारण सभा प्रयोजनार्थ २०८१ पौष १९ गते शुक्रवारका दिन यस कम्पनीको शेयरधनी दर्ता किताव बन्द गरिनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१ पौष १८ सम्म कारोवार गरी शेयर खरिद गर्नु भई नियमानुसार निजको नाममा शेयर नामसारी भई आएका शेयरधनीहरुले सो सभामा भाग लिन र उक्त सभाद्वारा पारित बोनस र नगद लाभांस पाउन लागि योग्य हुनुहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**किशोर कुमार डंगोल**
कम्पनी सचिव

***बोधार्थ:***

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

श्री विद्युत नियमन आयोग, सानोगौचरण, काठमाडौं ।

श्री सिडीएस एण्ड क्लियरिङ, पुतलीसडक, काठमाडौं ।

श्री ग्लोबल आईएमई क्यापिटल लि., काठमाडौं ।


**P.O.Box: 21534, Kalika Tower, Baluwatar, Kathmandu, Nepal**
**Tel.: 977-1-4539152, 4539153, 4539154, Fax: 977-1-4539155, Email: info@kalikagroup.com**
*साविक दरौदी कालीका हाइड्रो प्रा.लि.*